२०२१



# दक्षिण एशियामा द्वन्द्व संवेदनशील रिपोर्टिङ र पत्रकार सुरक्षामा सुधारका लागि आचारसंहिता

public media alliance

media action nepal

UNESCO unesco

# आभार

पब्लिक मिडिया एलायन्स (पिएमए) यस परियोजनालाई उदारतापूर्वक सहयोग गरेकोमा सञ्चारको विकासका लागि युनेस्कोको अन्तर्राष्ट्रिय कार्यक्रम र युनेस्को नयाँ दिल्ली कार्यालयलाई धन्यवाद दिन चाहन्छ । साथै, परियोजना साझेदार मिडिया एक्सन नेपाललाई भर्चुअल कार्यशाला बैठकहरू सम्पन्न गर्न महत्वपूर्ण योगदानका लागि आभार प्रकट गर्दछ ।

परियोजनाको अवधारणा र सञ्चालनको लागि पिएमएकी परियोजना र सदस्यता प्रबन्धक जास्मिन चन्डलर, र हाम्रा परियोजना सहजकर्ताहरू लक्ष्मणदत्त पन्त र डा.सादिया जामिललाई विशेष धन्यवाद । समन्वय र शोधका लागि पिएमए पत्रकार डेसिलोन डेनियललाई पनि धन्यवाद ।

पिएमए परियोजनाका सहभागीहरू, बंगलादेश, भारत, नेपाल र श्रीलंकाका मिडिया सरोकारवालाहरूलाई यस महत्वपूर्ण र क्षेत्रीय रूपमा सान्दर्भिक आचारसंहिताको विकासमा अन्तरदृष्टि, इमानदारी र जोश देखाएकोमा धन्यवाद दिन्छ ।

---

**पब्लिक मिडिया एलायन्सद्वारा प्रकाशित**
**©पब्लिक मिडिया एलायन्स २०२१**

यस प्रकाशनमार्फत व्यक्त विचारहरु पब्लिक मिडिया एलायन्स, युनेस्को वा मिडिया एक्सन नेपालका आधिकारिक विचार होइनन् । यस प्रकाशनमा व्यक्त गरिएका विचारहरु लेखकका विचार हुन् ।

ग्राफिक डिजाइन : क्रिश्टियन पोर्टर, पीएमए

सम्पादन : सादिया जामिल, लक्ष्मणदत्त पन्त र शाली-अन विल्सन

आवरण तस्विर : जुम लेन्सको साथ क्यामेरा समातेर एक प्रेस फोटो पत्रकारले युद्ध र द्वन्द्वको तस्बिर लिदै । तस्विर साभार : chameleonseye/iStock

CC BY SA

# परिचय

दक्षिण एशियाको मिडिया परिदृश्य विविध छ, प्रत्येक मिडिया प्रणालीले अद्वितीय चुनौतीहरूको सामना गरिरहेको छ । जे होस् बंगलादेश, भारत, नेपाल र श्रीलंका जस्ता देशहरूमा केही समानताहरू छन्, प्रत्येक देशमा पत्रकार सुरक्षा उल्लघंन र द्वन्द्वको इतिहास छ । प्रेस स्वतन्त्रता ऱ्याकिंगले लक्षित देशहरू भित्रका समस्याग्रस्त घटनाहरू पनि सङ्केत गर्छ (रिपोर्टर्स विदाउट बोर्डर्स आरएसएफ) को २०२१ को विश्व प्रेस स्वतन्त्रता सूचकांक[1] मा १८० देशहरू मध्ये १०० भन्दा माथि कुनै पनि स्थान छैन । जसअनुसार नेपाल १०६ औं, श्रीलंका १२७ औं, भारत १४२ औं स्थानमा, र बंगलादेश १५२ औं स्थानमा रहेको छ ।

यी सन्दर्भहरूलाई ध्यानमा राखेर दक्षिण एसियाली सञ्चारमाध्यमका लागि द्वन्द्व संवेदनशील रिपोर्टिङ र पत्रकार सुरक्षा परियोजनाको परिकल्पना गरिएको थियो । यस परियोजनामा एक म्यापिंग अभ्यास, तीन दिने कार्यशाला, अनुशिक्षण सत्रहरू र द्वन्द्व संवेदनशील समाचार रिपोर्टहरू समावेश थिए । जसको समापन तपाईंको अगाडि दस्तावेजका रुपमा भएको छ : दक्षिण एशियामा द्वन्द्व संवेदनशील रिपोर्टिङ र पत्रकार सुरक्षामा सुधारका लागि आचारसंहिता । यस आचारसंहिताले द्वन्द्व संवेदनशील रिपोर्टिङ, पत्रकार सुरक्षा र स्वनियमनका सन्दर्भमा दक्षिण एशियाली सञ्चारमाध्यमको वातावरणलाई बलियो बनाउने लक्ष्य राखेको छ ।

पब्लिक मिडिया एलायन्सले हाम्रो स्थानीय साझेदार मिडिया एक्सन नेपालसँगको सहकार्य र युनेस्को नयाँ दिल्ली कार्यालयको सहयोगमा तयार पारेको यो आचारसंहिताले लक्षित देशहरूमा मिडिया सरोकारवालाहरूको सामूहिक इनपुटलाई प्रतिनिधित्व गर्दछ । २८-३० सेप्टेम्बर २०२१ सम्म, पत्रकारदेखि सम्पादकहरूसम्मका ३१ जना सम्मानित फेलोहरूले कार्यशाला ढाँचामा आफ्ना क्षेत्रीय समकक्षीहरूसँग नेटवर्क गर्न, द्वन्द्वको रिपोर्टिङमा तिनीहरूको भूमिका जाँच्न, द्वन्द्वसम्बन्धि समाचार तयार पार्न र आफ्नो सुरक्षा[2] सुनिश्चित गर्दा चाहिने सही, निष्पक्ष र जिम्मेवारीपूर्वक पत्रकारिता गर्न क्षेत्रीय रणनीतिहरू बनाउनको लागि भेटेका थिए ।

१.रिपोर्टर्स विदाउट बॉर्डर्स (आरएसएफ), २०२१ । विश्व प्रेस स्वतन्त्रता सूचकांक https://rsf.org/en/ranking
२.पब्लिक मिडिया एलायन्स, २०२१ । https://www.publicmediaalliance.org/meet-the-fellows-of-our-conflict-sensitive-reporting-and-safety-of-journalists-in-south-asia-workshop/

यो कार्यशाला आचारसंहिताको विकासको लागि आधारशिला थियो, प्रत्येक सहभागीले आ-आफ्नो स्थानीय बुझाइ र वास्तविक जीवनका अनुभवहरू संहितालाई मार्गदर्शन गर्न ल्याए । कार्यशालाको समापनपछि, आचारसंहिताको मस्यौदाको समीक्षा गर्न र प्रतिक्रिया दिन लक्षित देशहरू (जस्तै प्रेस काउन्सिलका प्रतिनिधिहरू, मिडिया प्राज्ञहरू र पत्रकारहरू) का थप सरोकारवालाहरूसँग परामर्श बैठक आयोजना गरियो ।

त्यसैले यो अन्तिम आचारसंहिता बंगलादेश, भारत, नेपाल र श्रीलंकाका हाम्रा साथीहरू र मिडिया सरोकारवालाहरूको उत्पादन हो । पत्रकार सुरक्षा र द्वन्द्व संवेदनशील रिपोर्टिङका चुनौतिहरूबाट सबैभन्दा बढी प्रभावित भएकाले दक्षिण एशियाली सञ्चारमाध्यमको परिदृश्य सुधार गर्ने उद्देश्यले यस दस्तावेजमा उनीहरूको आवाजलाई प्रतिनिधित्व गर्नु उपयुक्त थियो ।

हाम्रो म्यापिङ अनुसन्धानले पत्रकार सुरक्षामा लैङ्गिक परिप्रेक्ष्य समावेश गर्ने जस्ता विषयहरूमा थप सूक्ष्म दृष्टिकोणको आवश्यकतालाई दोहोऱ्याएको थियो : शान्ति पत्रकारितामा केन्द्रित, भौतिक र डिजिटल सुरक्षाको लागि व्यावहारिक सुझावहरूको आवश्यकता ।

# आचारसंहिता

## १ मानवअधिकार र लोकतन्त्रको सम्मान

क. पत्रकार तथा सञ्चारमाध्यमले मानवअधिकार, न्याय, समानता, स्वतन्त्रता, समावेशीकरण, मानवता, शान्ति र अन्तर्राष्ट्रिय समझदारी र मित्र राष्ट्रहरूबीच भाइचाराको संरक्षण र प्रवर्द्धन गर्दै मानवअधिकारको विश्वव्यापी घोषणापत्रले प्रत्याभूत गरेको अधिकार र मूल्यमान्यताको सम्मान गर्दै अघि बढ्नुपर्छ ।

ख. पत्रकार र सञ्चारमाध्यमहरू नागरिकको सुसूचित हुने अधिकारको रक्षा गर्न सधैं सक्रिय र समर्पित रहनुपर्छ ।

## २ कानूनको ध्यान राख्नुस्

शक्तिको लेखाजोखा राख्नु पत्रकारिताको मुख्य कार्य हो । यद्यपि, पत्रकारहरू सधैं स्थानीय कानूनहरू र उनीहरूले आफ्नो कामलाई प्रभाव पार्न सक्ने तरिकाबारे सजग हुनुपर्छ ।

क. मिडिया सरोकारवालाहरू र पत्रकारहरूले उनीहरूको काम र द्वन्द्वको कभरेजसँग सम्बन्धित देशको कानूनलाई पूर्ण रूपमा बुझ्नुपर्छ ।

ख. शब्द वा तस्विरमा सनसनीपूर्ण व्यवहारबाट जोगिनुपर्छ ।

ग. कानुन आफ्नो र अरुको सुरक्षासँग सम्बन्धित भएकाले पत्रकारहरू सचेत हुनुपर्छ ।

## ३ विश्वसनीय स्रोतहरूको गोपनीयता

क. यदि गोप्य स्रोतबाट जानकारी प्राप्त भयो भने, त्यस गोपनीयतालाई सम्मान गर्नुपर्छ । यस्तो स्रोत खुलाउन पत्रकारलाई जबरजस्ती गर्न मिल्दैन । तर यदि स्रोतले पछि सहमति दियो भने यसलाई पत्रकारिताको नैतिकताको उल्लघंन मानिने छैन् ।

ख. अज्ञात स्रोतहरूबाट अपुष्ट रिपोर्टहरू वा सुझावहरू प्रकाशन गर्नुअघि सत्यापित गरिनुपर्छ । यदि तिनीहरू सत्यापनपछि कमजोर वा अपुष्ट छन् भने, तिनीहरूलाई प्रकाशनबाट रोकिनुपर्छ ।

ग. अपुष्ट उद्धरण वा विवरणहरू क्रसचेक हुनुपर्छ । यदि त्यस्ता तत्वहरू सम्पादकद्वारा सार्वजनिक हितमा भएको मानिन्छ भने, तिनीहरूलाई प्रकाशित गर्न सकिन्छ तर यदि तिनीहरू स्पष्ट रूपमा अपुष्ट भनी लेबल गरिएको छ भने मात्र ।

घ. भरपर्दो स्रोतबाट प्राप्त जानकारीलाई सम्पादकले विश्वासयोग्य ठानेमा सार्वजनिक हितमा प्रकाशित गर्न सकिनेछ । यदि यस्तो हो भने, पत्रकार प्रकाशनको कुनै पनि प्रतिकूल परिणामबाट मुक्त हुनुपर्छ ।

## ४ साम्प्रदायिक सद्भावमा जोखिम कम गर्न अन्तर्क्रियात्मक र निष्पक्ष दृष्टिकोण प्रयोग गर्नुहोस्

क. समाचार संस्थाहरूले कुनै पनि व्यक्ति वा समुदायको जात, राष्ट्रियता र धर्मको अवहेलना गर्ने वा अनादर गर्ने समाचार प्रकाशन गर्नु हुदैन । सामाजिक हित कायम राख्नको लागि साम्प्रदायिक पूर्वाग्रह, घृणा र द्वेषको भावनाको प्रकाशनलाई निरुत्साहित गरिनुपर्छ ।

ख. पत्रकार तथा सञ्चारमाध्यमले जातीय, लैङ्गिक, धार्मिक, जनजाति वा क्षेत्रीय पहिचान वा भाषिक पृष्ठभूमि, राजनीतिक आस्था वा शारीरिक तथा मानसिक स्वास्थ्यको आधारमा कसैलाई भेदभाव वा पूर्वाग्रह गर्ने समाचार सामग्री उत्पादन वा वितरण गर्नु हुँदैन ।

ग. पत्रकार तथा सञ्चारमाध्यमले जोखिममा परेका व्यक्तिहरूलाई सही सूचना प्रवाह गरी बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, अल्पसंख्यक समूहहरू, पिछडिएका समुदाय, क्षेत्र, भाषिकको उत्थान र विकासमा विशेष सहयोग गर्नुपर्छ ।

## ५ सामाजिक र सांस्कृतिक पूर्वाग्रहबाट टाढा रहनुहोस् र समान प्रतिनिधित्व सुनिश्चित गर्नुहोस्

क. पत्रकारहरूले सामाजिक र सांस्कृतिक संवेदनशीलताको सम्मान सुनिश्चित गर्नुपर्दछ र द्वन्द्वको रिपोर्टिङ गर्दा आफ्नो व्यक्तिगत विचार र पूर्वाग्रह व्यक्त गर्नबाट जोगिनु पर्छ ।

ख. पत्रकारहरूले आफ्ना व्यक्तिगत विचार र पूर्वाग्रहले समुदाय, सामाजिक समूह र अन्य पहिचानहरूको समान प्रतिनिधित्वलाई असर नगर्ने सुनिश्चित गर्नुपर्छ ।

## ६ मानवअधिकार र लैङ्गिक समानताको लेन्स कायम राख्नुहोस्

क. पत्रकारहरूले द्वन्द्वको रिपोर्टिङ गर्दा धार्मिक पहिचानको मौलिक अधिकारका साथै सांस्कृतिक भावना र गोपनीयताको सम्मान गर्नुपर्छ ।

ख. पत्रकारहरूले लैङ्गिक पहिचानको समान र सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ ।

## ७ सबैको सम्मान सुनिश्चित गर्न लैङ्गिक दुस्प्रचारबाट बच्नुहोस्

क. पत्रकारहरूले लैङ्गिकता वा यौनिकताको आधारमा कसैको आत्मसम्मान, प्रतिष्ठा र व्यावसायिक विश्वसनीयतामा हानि पुऱ्याउन सक्ने कुनै पनि सूचनाको सम्प्रेषणमा संलग्न हुनु हुँदैन ।

## ८ धार्मिक वा साम्प्रदायिक हिंसा भड्काउने सामग्री प्रकाशित गर्नबाट बच्नुहोस्

क. पत्रकार र सञ्चारमाध्यमले साम्प्रदायिक हिंसा भड्काउनेलाई स्थान दिनु हुदैन् ।

ख. अनावश्यक रूपमा धार्मिक समूह र पहिचानलाई ठेस पुर्‍याउन सक्ने कथाहरू रिपोर्ट गर्नु हुदैन् ।

ग. भविष्यवक्ता, द्रष्टा वा देवताहरूको नामको व्यापारिक शोषणमा संलग्न हुनु हुदैन् ।

घ. घटनाहरूमा साम्प्रदायिक कोणलाई गलत रूपमा लागू गर्नु हुदैन् ।

ङ. सामाजिक समस्या वा हिंसाको महिमा गर्न सहयोग गर्ने कुनै पनि कथा रिपोर्ट गर्नु हुदैन् ।

च. धार्मिक वा साम्प्रदायिक तनाव वा हिंसा भड्काउन सक्ने भाषा प्रयोग गर्नु हुदैन् ।

## ९ शुद्धता र सत्यापन

क. पत्रकारले आफ्नो क्षमताअनुसार कुनै पनि प्रतिवेदनमा तथ्यहरू प्रमाणित गर्नुपर्दछ र रिपोर्ट गरिएको कुराको सत्यता प्रमाणित गर्न पर्याप्त सामग्री समावेश गर्नुपर्छ ।

ख. पत्रकारले अफवाह फैलाउनु हुदैन् ।

ग. सम्भव भएसम्म पत्रकारले भरपर्दो स्रोतबाट प्राप्त जानकारीको प्रयोग गर्नुपर्छ । यो सम्भव नभएको ठाउँमा पत्रकारले सो कुरा सम्भव नभएको बताउनुपछ (बुँदा नम्बर ३ हेर्नुहोस्) ।

## १० संगतको आधारमा दोषी करार नगर्नुहोस्

क. गल्तीको भरपर्दो प्रमाण नभएसम्म पत्रकारहरूले दोषी पक्षहरूसँग सम्बन्धित व्यक्तिहरूलाई दोष दिनु हुँदैन ।

ख. पत्रकार वा समाचार संस्थाले गरेको दाबीलाई पीडित पक्षले गलत प्रमाणित गरेमा सच्याउन वा माफी माग्नु सम्पादकको दायित्व हुनेछ ।

## ११ मिडियाद्वारा कुनै जाँच हुनुहुदैन्

पत्रकारहरू यसबाट टाढा रहनुपर्छ :

क. अदालतको अन्तिम फैसला नआएसम्म कुनै सुनुवाइ चलिरहेको कुनै मुद्दाको फैसला भविष्यवाणी गर्ने वा घोषणा गर्ने, समाचार प्रकाशन गर्ने ।

ख. जाँच वा निर्णयलाई प्रभाव पार्न वा हेरफेर गर्न सक्ने तरिकामा रिपोर्टिङ ।

## १२ भाषाको प्रयोगमा सावधानी अपनाउनुहोस्

क. द्वन्द्वलाई दुई पक्षबीचको झगडाको रूपमा प्रतिनिधित्व नगर्नुहोस् ।

ख. हामी र उनीहरु जस्ता तीव्र भिन्नताहरूलाई बेवास्ता गर्नुहोस् ।

ग. सधैं नेताहरू वा परिचित मागहरू उद्धृत गरेर द्वन्द्व परिभाषित नगर्नुहोस् अभिजात वर्ग र शीर्षकहरू भन्दा पर जानुहोस् सम्भव भएमा, द्वन्द्वका असरहरू प्रत्यक्ष रूपमा अनुभव गरेका साधारण मानिसहरूका शब्दहरू रिपोर्ट गर्नुहोस् वा समुदायका सदस्यहरूको विचारलाई आवाज दिनुहोस् जुन धेरैले साझा गर्न सक्छन् ।

घ. आफ्नो रिपोर्टिङमा निष्पक्ष दृष्टिकोण लिनुहोस । द्वन्द्वको प्रत्येक पक्षलाई के कुराले विभाजित गर्छ भनेर मात्र रिपोर्ट नगर्नुहोस् विपक्षी र पक्षहरूलाई साझा आधार प्रकट गर्न सक्ने प्रश्नहरू सोध्नुहोस् । तिनीहरूले साझेदारी गर्न सक्ने रुचिहरूमा रिपोर्ट गर्नुहोस् ।

ङ. द्वन्द्वको एक पक्षले सामना गरेको चुनौती, पीडा वा उत्पीडनमा मात्र ध्यान केन्द्रित नगर्नुहोस् ।

च. भावनात्मक शब्दहरूबाट बच्नुहोस् । जस्तै विनाश, त्रासदी, आतंकित, शक्तिहीन, असहाय, वा एक समूहलाई के गरिएको छ वर्णन गर्न दयनीय छन् जस्ता शब्दहरूलाई राय प्रयोग नगरेसम्म पूर्वाग्रहको रूपमा व्याख्या गर्न सकिन्छ र शुद्धताको धारणालाई कमजोर पार्न सकिन्छ । यी शब्दहरू प्रयोग गर्ने अरू कसैलाई मात्र उद्धरण गर्नुहोस् ।

छ. स्पष्ट रूपमा सही नभएसम्म द्वन्द्व कसले सुरु गर्यो भनेर दोष लगाउनबाट बच्नुहोस । यसको सट्टा, सामान्य समस्याहरूले कसरी परिणामहरू निम्त्याउँछ भनेर पत्ता लगाउन प्रयास गर्नुहोस् जुन दुवै पक्षबाट अपेक्षित थिएन ।

ज. हिंसाको बारेमा रिपोर्ट गर्न र द्वन्द्वको डरलाग्दो वर्णन नगर्नुहोस् । हिंसा र द्वन्द्वको व्यापक प्रभावलाई व्याख्या गर्ने तरिकाको रूपमा दैनिक जीवनमा मानिसहरूलाई कसरी अवरुद्ध, निराश, वा अपमानित हुन सक्छ भनेर रिपोर्ट गर्नुहोस् ।

झ. भावनात्मक र अशुद्ध शब्दहरू र वाक्यांशहरूबाट बच्नुहोस् ।

ञ. पत्रकारहरूले व्यक्तिगत विचारहरू लागू नगर्न ख्याल गर्नुपर्छ । अत्यधिक भावनात्मक भाषा वा समाचारको निष्पक्षता वा शुद्धतालाई कमजोर पार्ने भाषाबाट बच्नुहोस् । मानिसहरुलाई त्यही भनेर बोलाउनुहोस, उनीहरु आफूलाई जे भन्दछन् ।

## १३ वस्तुनिष्ठ रिपोर्टिङ सुनिश्चित गर्नुहोस् र रायलाई तथ्यको रूपमा रिपोर्टिङ गर्नबाट बच्नुहोस्

## १४ हस्ताक्षरित कागजातहरू वा युद्धविरामहरूलाई निःसन्देह शान्तिको सृजना गर्ने कुराको रूपमा स्वागत नगर्नुहोस्

क. समाधान नभएका मुद्दाहरूमा रिपोर्ट गर्ने प्रयास गर्नुहोस् ।

## १५ उचित निष्पक्षताका साथ कार्य गर्नुहोस्

क. पत्रकारहरूले द्वन्द्वको समाधानको लागि एकतर्फी अपेक्षाहरू मात्र रिपोर्ट गर्नबाट जोगिनु पर्छ । सबै शान्ति पहल र प्रस्तावहरू विचार गर्ने प्रयास गर्नुहोस्, तिनीहरू जहाँबाट आए पनि फरक पर्दैन ।

## १६ उत्पादित सामग्रीको लागि जवाफदेही हुनुहोस्

क. जवाफदेहिता दुबै तर्फबाट सुनिश्चित हुनुपर्छ । पत्रकारहरूले आफ्ना रिपोर्टहरूले मानव जीवनका विभिन्न पक्षहरूलाई प्रतिकूल असर नपर्ने कुरा सुनिश्चित गर्न प्रयास गर्नुपर्छ । कुनै हानि नगर्नुहोस्को सिद्धान्त र तपाईंको रिपोर्टिङको प्रभावहरू विचार गर्नुहोस् ।

# थप सुधारका लागि सिफारिसहरू

१. समाचार संस्थाहरूले पत्रकारहरूको हित र कल्याणको रक्षा गर्न प्रभावकारी मानव संसाधन नीतिहरू विकास गर्नुपर्छ ।

२. कार्यस्थल र क्षेत्रमा यौन दुर्व्यवहारविरुद्ध थप रोकथामका उपायहरूको पहिचान आवस्यक छ । उत्पीडन र दुर्व्यवहार रिपोर्ट गर्नका लागि सुरक्षित उपाय र स्थानको सिर्जना गरिनुपर्ने ।

३. नेतृत्व तहमा हुने र अन्य कर्मचारी सदस्यहरूको लागि लैङ्गिक संवेदनशील प्रशिक्षण ।

४. बालबालिकाहरुलाई स्रोतको रुपमा प्रयोग गर्दा स्पस्ट निर्देशिका तयार हुनुपर्ने ।

५. मिडिया प्रबन्धकहरू र संचालकहरूको लागि आचारसंहिताको निर्माण हुनुपर्ने ।

# Notes

public media alliance

media action nepal

unesco